# भाग १०
# मौरीगोला स्थानान्तरण

## १०.१ मौरीगोला स्थानान्तरण भनेको के हो ?

मौरी परिवारको अतिरिक्त मह उत्पादनको लागि मौरीगोला एक ठाउँबाट अर्को ठाउँमा लिएर जाने कार्यलाई मौरीगोला स्थानान्तरण भनिन्छ ।

विश्वको कुनै पनि ठाउँमा बर्षभरी फूल फुलेको हुँदैन । यसैले फूल धेर-थोर हुनु स्वभाविक हो । कुनै ठाउँमा बर्षको एक पल्ट मह उत्पादनको लागि राम्रो हुन्छ भने त्यही ठाउँमा दोस्रो मौसममा लामो समयसम्म फूल अभाव हुन थाल्छ । यसको फलस्वरुप मौरीपालकलाई नाफाको साटो घाटा पर्ने हुन्छ । त्यसले गर्दा व्यावसायिक मौरी पालन तथा बढी मह उत्पादनको लागि मौरीगोला स्थानान्तरण गर्नु अति आवश्यक हुन्छ ।

पुष्परस तथा पराग प्रचूर मात्रामा भएको ठाउँमा मौरीगोला सार्नु पर्छ । एक दुई घार मौरी पाल्नेहरुलाई एकै ठाउँमा राखेर मौरी पालन गर्न सकिन्छ । तर व्यावसायिक रुपमा मौरी पालन गर्दा मौरीगोला स्थानान्तरण गर्नु आवश्यक हुन्छ ।

## १०.२ मौरीगोला स्थानान्तरण किन गर्ने ?

कुनै पनि व्यवसाय गर्दा त्यसबाट फाईदा हुने उद्देश्य लिएर गरेको हुन्छ । यस्तै मौरी पालनलाई जब व्यावसायिक रुप दिइन्छ, त्यत्तिखेर फाइदालाई बढी प्राथमिकता दिने गरिन्छ । यी उद्देश्य

पूर्तिको लागि मौरीगोला स्थानान्तरण गर्नु आवश्यक हुन जान्छ । मौरीगोला स्थानान्तरण गर्दा निम्न लाभहरु हुन्छन् ।

१) मौरीगोला बलियो हुन्छ । यसले गर्दा गोला उत्पादन गर्न सकिन्छ ।
२) मौरीगोलाबाट बढी भन्दा बढी मह उत्पादन गर्न सकिन्छ ।
३) कृत्रिम खाना (चिनी चास्नी) दिनु नपरे पछि चिनीको खर्च जोगिन्छ ।

यी सबै कारणहरुले गर्दा मौरीगोला स्थानान्तरण गर्नु अति आवश्यक हुन्छ ।

## १०.३ मौरीगोला स्थानान्तरण कहिले र कुन समयमा गर्ने ?

१) फूलको कमी हुने बेलामा, मौरीगोलालाई खानाको अभाव हुने बेला मौरीगोला स्थानान्तरण गर्नु आवश्यक हुन्छ ।
२) मौरीगोला स्थानान्तरण राती गर्नु अति राम्रो हुन्छ । तर केही कारणबश: दिउँसै गर्नु परे बिहान १० बजेसम्म स्थानान्तरण गरी सक्नु पर्छ । यो भन्दा बढी समय लगायो भने मौरीहरु निसास्सिएर मर्ने सम्भावना हुन्छ ।

## १०.४ मौरीगोला पैकिङ्ग तथा स्थानान्तरण कसरी गर्ने ?

१) मौरीगोला स्थानान्तरण गर्नु भन्दा पहिला मौरीगोलालाई राम्रोसंग पैकिङ्ग गर्नु पर्दछ । यसले गर्दा मौरीहरु बाहिर निस्कन सक्दैन । घारभित्रको चाका पनि भाँचिने सम्भावना हुँदैन, त्यसैले पैकिङ्ग गर्नु आवश्यक हुन्छ ।
२) यसको लागि आसनबोर्ड तथा छाउराकक्षको चारै कुनामा टीनको पाता तथा किलाबाट दुई वटैलाई एक आपसमा राम्ररी जोड्नु पर्छ । साथै घारमा मौरी भएको फ्रेम (चौकोस) कम छ भने अरु खाली फ्रेम (चौकोस) राखी नौ वटा फ्रेम पूरा गरेर एउटा डमी बोर्ड या फ्रेम नै राखी कस्नु पर्छ । यसले गर्दा स्थानान्तरणको समय फ्रेम नहल्ली चाका भाँचिन पाउँदैन । पूरै फ्रेम कसेको खण्डमा किलाले फ्रेम ठोकी राख्नु आवश्यक पर्दैन ।
३) मौरीघारमा महकक्ष राखेको छ भने छाउराकक्ष तथा महकक्षलाई पातलो काठको लिष्टी तथा किलाबाट दुई वटैलाई जोडी दिनु पर्छ ।
४) त्यसपछि महकक्षमाथि अथवा छाउरा कक्षमाथि भित्री ढक्कनी राखी त्यसको चारै कुनामा स-सानो किला ठोकी दिनु पर्छ । यसले गर्दा मौरीहरु घारबाट बाहिर निस्कन सकिदैन । आवश्यक परेमा भित्री ढक्कनीको ठाउँमा जालीको प्रयोग पनि गर्न सकिन्छ ।
५) यसपछि मौरीघारको छाना लगाई दिनु पर्दछ । मौरीघारको प्रवेशद्वार स्थानान्तरण गर्नु भन्दा पहिला राती कागजबाट राम्ररी बन्द गर्नु पर्दछ । कागजको सट्टामा जालीको पनि प्रयोग गर्न सकिन्छ । यी सबै कार्य पूरा भए पछि मौरीघार स्थानान्तरणको लागि पैकिङ्ग कार्य पूरा हुन्छ ।

६) मौरीघार पैकिङ्ग भई सकेपछि स्थानान्तरणको लागि प्रयोग गरिने गाडीमा मौरीघार एक आपसमा टाँसिने गरी राख्नु पर्दछ। मौरीघार राख्दा आसनबोर्ड तल पर्ने गरी राख्नु पर्दछ।

गाडी मौरीघारबाट भरेन भने खाली मौरीघार राखी कसी दिनु पर्दछ। अथवा अन्य कुनै किसिमले टाइट गरी दिनु पर्छ अन्यथा मौरीगोला हल्लेर नोक्सान हुने सम्भावना हुन्छ।

यसरी नै मौरीगोला एक ठाउँबाट अर्को ठाउँमा पैकिङ्ग गरी (ट्रक, पिकअप) गाडीमा राखेर स्थानान्तरण गर्न सकिन्छ। नयाँ ठाउँमा पुगे पछि मौरीघारलाई गाडीबाट झिकी निश्चित ठाउँमा राख्नु पर्छ।

नोट

मौरीगोला स्थानान्तरण गर्दा 'मौरीघार बाँध्ने पेटी' (हाइव वेल्ट) ले राम्ररी बाँधी स्थानान्तरण गर्न सकिन्छ। हाइव वेल्टले मौरीघार बाँधेमा किलाले ठोकी राख्नु पर्दैन, यो एउटा सजिलो उपाय हो।

## स्थानान्तरण गरी सकेपछि घारको दूरी कति राख्ने ?

मौरीघारको एक आपसको दूरी कम्तीमा ८ देखि १० फिट हुन आवश्यक हुन्छ। यदि एपियरीबाट मह उत्पादन लिने हो भने बीचको दूरी आवश्यकता तथा सुविधा अनुसार बढी राख्नु पर्दछ। मौरीघार मौसम अनुसार घाम तथा छाँयामा राख्नु आवश्यक हुन्छ। मौरीघारको प्रवेशद्वार, सम्भव हुन्छ भने पूर्व तथा दक्षिण दिशातिर फर्काउने प्रयास गर्नु पर्दछ।

## स्थानारन्तरण पछि मौरीघारको प्रवेशद्वार कसरी खोल्ने ?

मौरीघार व्यवस्थित किसिमले राखी सकेपछि प्रवेशद्वार क्रमशः खुल्नु हुँदैन। तर एउटा छोडेर अर्कोको द्वार खोल्नु पर्दछ। त्यस घारको मौरी शान्त भएपछि खोल्नु पर्छ। अनि लगभग ५ देखि १० मिनेटपछि अर्को मौरीघारको प्रवेशद्वार खोल्नु पर्छ। एकै पटक सबै मौरीघारको प्रवेशद्वार खोलेमा नयाँ ठाउँ भएकोले मौरीहरु आफ्नो घार चिन्न नसकी अरुको घारमा प्रवेश गर्दा आपसमा लडाई हुने सम्भावना बढी हुन्छ।

## १०.५ मौरीगोला स्थानान्तरणबाट के-के फाईदा हुन्छ ?

१) मह उत्पादन बढी भन्दा बढी हुन्छ।
२) मौरीगोला उत्पादन गर्न सजिलो हुन्छ।
३) पराग उत्पादन पनि गर्न सकिन्छ।

४) कृत्रिम चिनी चास्नी दिनु पर्दैन जसले गर्दा चिनीको खर्चबाट जोगिन्छ ।


५) मौरीगोला बलियो भएकोले रोग लाग्ने सम्भावना कम हुन्छ गोला स्वस्थ भईरहेको हुन्छ ।



**चित्र नं. ३१ : स्थानान्तरण मौरीघारको प्रवेशद्वार बन्द गरेको**



**चित्र नं. ३२ : मौरीगोला दिउसो बन्द गर्नु हुँदैन**



चित्र नं. ३३ : मौरीगोला स्थानान्तरको लागि तयार भई सकेको



चित्र नं. ३४ : मौरीघार गाडीमा राख्दै गरको




चित्र नं. ३५ : मौरीघार गाडीमा राखी सकेपछि स्यानान्तरको लागि फूल फुलेको ठाउँमा लग्दै गरेको



चित्र नं.३६ : मौरीगोला फूल फुलेको ठाउँमा राख्दै गरेको